नेपाल सरकार

## सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फो.नं.
४२००००००
४२००४६०
४२००२८७
सिंहदरबार काठमाण्डौं

प.सं. आ.प्र. शाखा ०७४/७५
च.नं. २४

मितिः २०७४।०४।३२

विषयः आ.ले.प. गराउने सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सवै (७५)।
श्री स्थानीय तह, सवै (७४४) ।

प्रस्तुत विषयमा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को २०७४।०२।१७ मा भएको मन्त्रिपरीषद्को निर्णय अनुसार वुँदा नं. ५९ मा "स्थानीय तहको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीकवाट गराउनु पर्नेछ । गाउँपालिका वा नगरपालिकाले आफ्नो आन्तरिक लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्नेछ" भन्ने उल्लेख भएको हालसम्म पनि कतिपय स्थानीय तहले आन्तरीक लेखापरीक्षण गराउन द्विविधा भएको भनि मन्त्रालयमा सोधनी गर्ने कार्य भईरहेकोले सोही परिपत्रमा उल्लेख भए अनुसार जि.स.स.को आन्तरिक लेखापरीक्षक उपलव्ध भएमा सोही अनुसार गर्ने र उपलव्ध हुन नसकेमा सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आन्तरिक लेखापरीक्षण गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

साथै महालेखा परीक्षकको कार्यालयवाट उच्च हिमाली जिल्लाहरु सोलुखुम्वु, मनाङ्ग, मुस्ताङ्ग, मुगु, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, वाजुरा र वझाङ्ग तथा काठमाण्डौ उपत्यकाका ३ जिल्लाका सवै कार्यालयहरुको अन्तिम लेखा परीक्षण गर्न २०७४ श्रावण १५ गतेवाट डोर समेत खटिई सकेको अवस्थामा ति जिल्लाका जिल्ला समन्वय समिति तथा स्थानीय तहको आन्तरीक लेखापरीक्षण हालसम्म पनि नगराईएको भन्ने वुझिन आएकोले तत्काल आन्तरीक लेखापरीक्षण गराई म.ले.प. गर्नु गराउनु हुन पुनः अनुरोध छ । आन्तरीक लेखापरीक्षण नगराई अन्तिम लेखापरीक्षण गर्ने कार्यमा सहयोग गरेको नपाईएमा आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार सम्वन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई विभागीय कार्वाही गरिने व्यहोरा समेत जानकारी गराउँदछु ।

(दिनेश कुमार थपलिया)
सचिव